नेपाल सरकार

# गृह मन्त्रालय

(सीमा तथ… …शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

०१-४२११२१०
०१-४२११२७४
०१-४२११२७६
simamoha2076@gmail.com
www.moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७६/७७-८२२७५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १५९०

मितिः-२०७७/०७/२४

**विषयः आवश्यक सहजीकरण सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**७७ जिल्ला सबै ।**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा) को चलानी नं. १६२, मिति २०७७/०७/२१ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ गतेको निर्णय कार्यान्वयनका लागि तयार भएको **"उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७"** प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा उक्त कार्यविधि कार्यान्वयनका लागि तहाँबाट समन्वय हुनुपर्ने सम्बन्धित विषयहरुमा आवश्यक सहजीकरण हुन आदेशानुसार अनुरोध छ ।

(महेश गौतम)
कम्प्यूटर अधिकृत

**बोधार्थः**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।**

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- औ.प्र.महाशाखा/०७७/७८
चलानी नम्बर :- ९६२ .

मितिः २०७७।०७।२१

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा कोभिड– १९ को महामारीका कारण स्वदेशी तथा विदेशी लगानीमा स्थापित "उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७" नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७७।०७।२१ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । उक्त निर्णय कार्यान्वयनका लागि स्वीकृत कार्यविधि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

सादर अवगतार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिहदरबार, काठमाडौं । (नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।०७।०४ गतेको निर्णय कार्यान्वयनका लागि तयार गरिएको ।)

...........................
सुरज तिम्सिना
शाखा अधिकृत

सीमा तथा अध्यागमन शाखा
दर्ता नं.: 9528
दर्ता मितिः 066/06/28

कृपया यस पत्रका सम्बन्धमा थप पत्राचार गर्दा अनिवार्य रुपमा यस महाशाखाको नाम, प.सं., च.नं. र मिति उल्लेख गरिदिनुहोला ।
फोन नं.: +९७७-१-४२११४४०,
E-mail: moicsid@moics.gov.np, Website : www.moics.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७

विभागीय मन्त्रीस्तरबाट स्वीकृत मितिः

कोभिड-१९ को महामारीका कारण स्वदेशी तथा विदेशी लगानीमा स्थापित उत्पादनशील उद्योगमा श्रमिकको अभाव भएकोले उपभोग्य वस्तुहरूको उत्पादन र आपूर्तिलाई सहज बनाउन भारत, चीन लगायत अन्य मुलुकबाट सुरक्षित रूपमा विदेशी श्रमिक ल्याउने प्रक्रियालाई सरल र व्यवस्थित बनाउन आवश्यक भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७/०७/०४ मा भएको निर्णय बमोजिम मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुमति दिने निकाय" भन्नाले संघीय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय रहेको जिल्लामा सो कार्यालय र सो कार्यालय नरहेको जिल्लामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ।

(ख) "उत्पादनशील उद्योग" भन्नाले वस्तु उत्पादन गर्ने उद्योग सम्झनु पर्छ।

(मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको उत्पादनशील उद्योग भनि वर्गीकरणमा परेका कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्थालाई समेत जनाउँछ।)

(ग) "प्रोटोकल" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य प्रोटोकल सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) "सुरक्षा मापदण्ड" भन्नाले कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol) सम्झनु पर्छ।

३. नेपाली श्रमिकलाई प्राथमिकता दिनुपर्ने: उत्पादनशील उद्योगले आफूलाई आवश्यक पर्ने श्रमिक पूर्ति गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ।

४. उद्योगका तर्फबाट निवेदन दिनुपर्ने: (१) कुनै उत्पादनशील उद्योगलाई आवश्यक श्रमिक नेपालभित्र उपलब्ध नभएको अवस्थामा विदेशबाट श्रमिक ल्याउने प्रयोजनका लागि देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा अनुमति दिने निकायमा निवेदन दिनुपर्नेछ:-

(क) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्वदेशी वा विदेशी लगानी खुल्ने कागजात,

(ग) प्रचलित कानून बमोजिम करचुक्ता गरेको प्रमाणको प्रतिलिपि,

(घ) विदेशबाट श्रमिक ल्याउनु पर्ने औचित्य सहित श्रमिक ल्याउने मुलुक, नेपालमा प्रवेश गर्ने विन्दु र उक्त श्रमिक वस्ने स्थान सहितको विवरण,

(ङ) श्रमिक ल्याउने मुलुक अनुसार श्रमिक सङ्ख्या र श्रमिकको नाम र परिचय खुल्ने कागजात। (नागरिकता/पासपोर्ट)

(२) उपदफा (२) अनुसारको कागजातसँगै औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४९ को उपदफा (२), (३) र (४) का प्रावधान बमोजिम श्रम सम्बन्धी प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिएको कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(३) उपदफा (३) बमोजिमको स्वीकृत नलिएको भए उपर्युक्त व्यवस्था बमोजिमका प्रावधान पुरा गरी श्रम स्वीकृति लिए पश्चात् निवेदन दिनु पर्नेछ।

५. श्रम स्वीकृतिका लागि सहजीकरण गर्नुपर्ने: (१) नेपाली नागरिक उपलब्ध नभएको अवस्थामा उत्पादनशील उद्योगमा विदेशी श्रमिक ल्याउने कार्यमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा अन्तर्गतका निकायले श्रम स्वीकृतिका सम्बन्धमा आवश्यक सहजीकरण गरिदिनु पर्नेछ।

६. अनुमति दिनु पर्ने: (१) दफा ४ बमोजिम प्राप्त निवेदनसँग संलग्न कागजात जाँचबुझ गरी विदेशी श्रमिक ल्याउनका लागि अनुमति दिन मनासिब देखिएमा दफा ७ बमोजिमको शर्त

तोकि अनुमति दिने निकायले अनुसूची-२ वमोजिमको ढाँचामा विदेशी श्रमिक ल्याउन स्वीकृति दिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको अनुमतिको लिखित जानकारी त्यस्तो विदेशी श्रमिक प्रवेशको सीमा विन्दु भएको जिल्लाको स्थानीय प्रशासन र गन्तव्य भएको जिल्लाको स्थानीय प्रशासन तथा नगरपालिका/गाउँपालिकालाई अनिवार्य रुपमा दिनु पर्नेछ।

(३) उपदफा (१) वमोजिमको अनुमति प्राप्त श्रमिकलाई तोकिएको शर्त परिपालना भए नभएको हेरी उपदफा (२) मा उल्लेखित निकायले त्यस्तो श्रमिक नेपाल प्रवेश गर्ने र गन्तव्यमा पुग्ने व्यवस्थालाई सहजीकरण गरिदिनु पर्नेछ।

७. <u>विदेशी श्रमिक ल्याउन अनुमति पाउने उद्योगले परिपालना गर्नुपर्ने शर्त:</u> दफा ६ वमोजिम विदेशी श्रमिक ल्याउन अनुमति प्राप्त गर्ने उद्योगले देहायका शर्त परिपालना गर्नु गराउनु पर्नेछः-

(क) निर्धारित प्रवेश विन्दुवाट श्रमिक नेपाल प्रवेश गर्दा पछिल्लो तीन दिनभित्र जारी भएको पीसीआर नेगेटिभ रिपोर्ट साथमा अनिवार्य हुनुपर्ने।

(ख) श्रमिक प्रवेश गर्ने नेपालको निर्धारित प्रवेश विन्दुबाट तोकिएको गन्तव्यसम्म र त्यस्तो गन्तव्यवाट तोकिएको प्रस्थान सीमा विन्दुसम्म उद्योगले आफ्नो निजी सवारी वा छुट्टै व्यवस्था (रिजर्भ) गरेको सवारी साधनवाट लाने व्यवस्था गर्नु पर्ने।

(ग) विदेशी श्रमिक गन्तव्यमा पुगेपछि सोको लिखित जानकारी जिल्लाको स्थानीय प्रशासन कार्यालय तथा नगरपालिका वा गाउँपालिकालाई अनिवार्य रुपमा सम्वन्धित उद्योगले दिनु पर्ने।

(घ) श्रमिक गन्तव्यमा पुगेपछि अनिवार्य रुपमा प्रोटोकल वमोजिम क्वारेन्टाईन वस्ने र खाने व्यवस्था सम्वन्धित उद्योगले मिलाउनु पर्ने।

(ङ) क्वारेन्टाईन स्थलवाट वाहिर हिँडडुल गर्न नदिने ।

(च) गन्तव्यमा आई पुगी क्वारेन्टाइनमा वसेको १० (दश) दिन व्यतित भएपछि कोभिड-१९ का कुनै शंकासपद लक्षण देखिएको वा नदेखिएको अनिवार्य रुपमा यकिन गरी शंकास्पद

लक्षण देखिएका श्रमिकको अनिवार्य पीसीआर परीक्षण गर्ने। लक्षण देखिएका श्रमिकको हकमा त्यस्तो रिपोर्ट नेगेटिभ आएपछि मात्र निर्दिष्ट काममा लगाउने।

(छ) नेपालमा रहँदा त्यस्तो विदेशी श्रमिकले कोभिड-१९ को संक्रमण जोखिम हुन नदिन प्रोटोकल, सुरक्षा मापदण्ड र नेपाल सरकारले समय समयमा गरेको निर्देशन तथा व्यवस्थाको पूर्ण परिपालना सम्बन्धित उद्योगले गर्नु गराउनु पर्ने।

८. सुरक्षा मापदण्ड पालना गर्नुपर्नेः (१) उत्पादनशील उद्योगले मन्त्रालयले जारी गरेको कोभिड-१९ को महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने प्रोटोकल र सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रोटोकल र सुरक्षा मापदण्ड पालना भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी मन्त्रालय र उद्योग हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको हुनेछ।

९. विवरण पठाउनुपर्नेः यस कार्यविधि बमोजिम श्रमिकलाई अनुमति दिएको विषयको जानकारी त्यस्तो अनुमति दिने निकायले अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयलाई दिनु पर्नेछ।

१०. अनुमति दिने प्रकृया र शर्त परिपालनाको अनुगमन गर्नुपर्नेः (१) उत्पादनशील उद्योगमा विदेशी श्रमिक ल्याउन अनुमति दिने प्रक्रियाको अनुगमन मन्त्रालयले गर्नेछ।

(२) अनुमति दिने निकायले दफा ६ र ७ बमोजिम तोकेका शर्त सम्बन्धित उद्योगबाट परिपालना भए नभएको अनुगमन गरी सम्बन्धित स्थानीय तह र स्थानीय प्रशासनलाई त्यस्तो शर्तको परिपालना गर्न लगाउनुपर्छ।

(३) तोकिएका शर्त परिपालनाको अनुगमन गर्दा सोको परिपालना भएको नपाएमा र परिपालनाका लागि अनुरोध गर्दा पनि परिपालना नगर्ने उद्योगलाई संक्रामक रोग ऐन, २०२० र अन्य प्रचलित कानून बमोजिम कारवाहीका लागि अनुगमनकर्ताले अनुमति दिने निकायमा लेखि पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखि आएमा अनुमति दिने निकायले त्यस्तो उद्योगलाई प्रचलित कानून बमोजिम कारवाही गर्नुपर्नेछ।

११. बाधा अड्काउ फुकाउने अधिकारः (१) यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

श्री .....................................

.....................................

विषय: विदेशी श्रमिक ल्याने अनुमति पाऊँ।

उपर्युक्त सम्वन्धमा यस उद्योग ............. (वस्तुको नाम उल्लेख गर्ने).......... उत्पादन गर्ने उत्पादनशील उद्योग भएको हुँदा उद्योगलाई आवश्यक पर्ने देहायका विदेशी श्रमिकलाई नेपाल प्रवेशका लागि सहजीकरण गरिदिनुहुन तपसिलका कागजात सहित यो निवेदन गरेको छु/छौं।

निवेदकको नाम

उद्योग नाम, ठेगाना

सम्पर्क नं.

संलग्न कागजात:

(क) ............................

(ख) ............................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

श्री ..................... उद्योग

......................................

विषयः विदेशी श्रमिक ल्याउने अनुमति सम्बन्धमा।

उपर्युक्त सम्वन्धमा तहाँ उद्योगको मिति ............................ को निवेदनवाट माग भए वमोजिम देहायका शर्त तोकि तपसिलका श्रमिकलाई नेपालको ............................ स्थानमा अवस्थित उद्योगमा ल्याउन मिति ................. को निर्णयानुसार अनुमति दिइएको छ ।

अनुमति दिनेको दस्तखत

नाम

पद

१. शर्तहरुः

(क) निर्धारित प्रवेश विन्दुबाट श्रमिक नेपाल प्रवेश गर्दा पछिल्लो तीन दिनभित्र जारी भएको पीसीआर नेगेटिभ रिपोर्ट साथमा अनिवार्य हुनुपर्ने ।

(ख) श्रमिक प्रवेश गर्ने नेपालको निर्धारित प्रवेश विन्दुवाट तोकिएको गन्तव्यसम्म र त्यस्तो गन्तव्यवाट तोकिएको प्रस्थान सीमा विन्दुसम्म उद्योगले आफ्नो निजी सवारी वा छुट्टै व्यवस्था (रिजर्भ) गरेको सवारी साधनवाट लाने व्यवस्था गर्नु पर्ने ।

(ग) विदेशी श्रमिक गन्तव्यमा पुगेपछि सोको लिखित जानकारी जिल्लाको स्थानीय प्रशासन तथा नगरपालिका वा गाउँपालिकालाई अनिवार्य रुपमा सम्वन्धित उद्योगले दिनु पर्ने ।

(घ) श्रमिक गन्तव्यमा पुगेपछि अनिवार्य रुपमा क्वारेन्टाईन वस्ने र खाने व्यवस्था सम्वन्धित उद्योगले मिलाउनु पर्ने ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) क्वारेन्टाईन स्थलबाट बाहिर हिंडडुल गर्न दिने नहुने।

(च) गन्तव्यमा आई पुगी क्वारेन्टाइनमा बसेको १० (दश) दिन व्यतित भएपछि, कोभिड-१९ का कुनै शंकासपद लक्षण देखिएको नदेखिएको अनिवार्यरुपमा यकिन गरी शंकासपद लक्षण देखिएका श्रमिकको अनिवार्य पीसीआर परिक्षण गर्ने। लक्षण देखिएका श्रमिकको हकमा त्यस्तो रिपोर्ट नेगेटिभ आएपछि मात्र निर्दिष्ट काममा लगाउने।

(छ) नेपालमा रहँदा त्यस्तो विदेशी श्रमिकले कोभिड-१९ को संक्रमण जोखिम हुन नदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य प्रोटोकल र नेपाल सरकारले समय समयमा गरेको निर्देशन तथा व्यवस्थाको पूर्ण परिपालना सम्बन्धित उद्योगले गर्नु गराउनु पर्ने।

(ज) उद्योगले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी भएको कोभिड-१९ को महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड (Protocol) र स्वास्थ्य मन्त्रालयले जारी गरेको स्वास्थ्य प्रोटोकल अनिवार्य रुपमा पालना गर्नुपर्ने।

२. अनुमति पाउने श्रमिकको विवरण:

| क्र.सं. | श्रमिकको नाम थर | श्रमिकको देश र स्थानीय ठेगाना | श्रमिकको परिचय खुल्ने कागजात | श्रमिक नेपाल प्रवेश गर्ने विन्दु | श्रमिक पुग्ने स्थानको ठेगाना | श्रम स्वीकृति लिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

३. अन्यः

<u>वोधार्थ तथा कार्यार्थ</u>

१. ........................... कार्यालय ( श्रमिक प्रवेश विन्दुको स्थानीय तह)

२. ........................... कार्यालय ( श्रमिक प्रवेश विन्दुको स्थानीय प्रशासन)

३. ........................... कार्यालय ( श्रमिकको गन्तव्य रहेको स्थानीय तह)

४. ........................... ( अन्य आवश्यक भए)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

विषय: विवरण पठाएको।

उपर्युक्त सम्बन्धमा "उत्पादनशील उद्योग का लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७" को दफा ९ बमोजिम विदेशी श्रमिक ल्याउन यस कार्यालयबाट अनुमति दिइएका उद्योग र श्रमिकको विवरण यसैसाथ संलग्न गरी पेश गरेको छु।

प्रगति विवरण

| अनुमति पाउने उद्योगको नाम ठेगाना | श्रमिकको नाम थर | श्रमिकको देश र स्थानीय ठेगाना | श्रमिकको परिचय खुल्ने कागजात | श्रमिक नेपाल प्रवेश गर्ने विन्दु | श्रमिक पुग्ने स्थानको ठेगाना | श्रम स्वीकृति लिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

पेश गर्ने पदाधिकारीको दस्तखत:

नाम:

मिति:

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

स. २०७७
६१९२

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- औ.प्र. महाशाखा/०७७/७८
चलानी नम्बर :- ९४१

मिति २०७७/०७/०६

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

बिषयः विदेशी श्रमिकको आवागमन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा विदेशी श्रमिकको आवागमन सम्वन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ को निर्णय तहाँको जानकारीका लागि यसैसाथ सलग्न गरी पठाइएको छ। उक्त निर्णय कार्यान्वयन गर्न आवश्यक कार्यविधि यस मन्त्रालयले तर्जुमा गरिरहेको र स्वीकृत भएपश्चात् यथाशिघ्र उपलव्ध गराइने व्यहोरा समेत आदेशानुसार अनुरोध छ।

(रामकृष्ण श्रेष्ठ)
शाखा अधिकृत

वोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

गृह मन्त्रालय
४४०५
६।९२

सीमा तथा अध्यागमन शाखा
दर्ता नं.: ९५२५
दर्ता मितिः ०७७/०७/२८